# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, भदौ ७ गते २०५६ साल (संख्या १९

## भाग ३

श्री ५ को सरकार

### जनसंख्या तथा वातावरण मन्त्रालयको सूचना

वातावरण संरक्षण नियमावली, २०५४ को नियम ५४ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले सोही नियमावलीको अनुसूचीहरूमा देहाय बमोजिम हेरफेर गरेको छ ।

१. अनुसूची–१ को खण्ड (औ) मा रहेका "एक करोड रुपैयाँ देखि" भन्ने शब्दहरूको अघि "खण्ड (अ) देखि खण्ड (ओ) सम्म उल्लेखित र सो भन्दा कमस्तरका प्रस्तावहरू तथा अनुसूची–२ मा उल्लेखित प्रस्तावभन्दा कमस्तरका प्रस्तावहरू बाहेक" भन्ने शब्दहरू थपिएका छन् ।

२. अनुसूची–२ को खण्ड (अः) मा रहेका "दश करोड रूपैयाँ भन्दा बढी" भन्ने शब्दहरूको अघि "खण्ड (अ) देखि खण्ड (अं) सम्म उल्लेखित र सो भन्दा कमस्तरका प्रस्तावहरू तथा अनुसूची–१ मा उल्लेखित र सो भन्दा कमस्तरका प्रस्तावहरू बाहेक" भन्ने शब्दहरू थपिएका छन् ।

आज्ञाले,
डा. गोविन्दराज भट्ट
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

225

श्री ५ को सरकार

## युवा खेलकुद तथा संस्कृति मन्त्रालयको सूचना

श्री ५ को सरकारले हलेसी महादेवस्थान विकास समिति (गठन) आदेश २०५३ को दफा ३ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी सोही आदेशको दफा ३ को उपदफा (२) को खण्ड (क), खण्ड (ख) र खण्ड (ग) बमोजिम हलेसी महादेवस्थान विकास समितिको अध्यक्ष, सदस्य र कार्यकारी निर्देशकमा देहायका व्यक्तिहरूलाई मनोनयन गरी हेरफेर गरेको छ ।

१. श्री नारायणसिंह राई, मंगलटार गा.वि.स. खोटाङ– अध्यक्ष
२. श्री नयनकुमार राई, दुर्छिन गा.वि.स. खोटाङ– सदस्य
३. श्री केसीराज मगर, वडहरे गा.वि.स. खोटाङ– सदस्य
४. श्री कुम्भराज राई, हलेसी महादेवस्थान गा.वि.स. खोटाङ– सदस्य
५. श्री हेमन्त गिरी, हलेसी महादेवस्थान गा.वि.स. खोटाङ– सदस्य
६. श्री चक्रकुमार श्रेष्ठ, सल्ले गा.वि.स. खोटाङ– सदस्य
७. श्री देवराज कार्की, धितुङ्ग गा.वि.स. खोटाङ– कार्यकारी निर्देशक

आज्ञाले,
झमकप्रसाद शर्मा
उप-सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना १

श्री ५ को सरकारको मिति २०५६।३।३१ को निर्णयानुसार नेपाल वन सेवा, नेशनल पार्क एण्ड वाइल्ड लाइफ समूहका रा.प. प्रथम श्रेणी (प्रा.) डा. श्री विजय कट्टेलले आफ्नो पदबाट दिनु भएको राजीनामा मिति २०५४।२।११ देखि लागू हुने गरी स्वीकृत गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारको मिति २०५६।३।३१ को निर्णयानुसार वन अनुसन्धान तथा सर्वेक्षण विभागका अनुसन्धान अधिकृत रा.प. द्वितीय (प्रा.) श्री श्रीगोपाल झालाई वन तथा भू-संरक्षण मन्त्रालयको अनुसन्धान अधिकृत रा.प.द्वि. (प्रा.) पदमा सरुवा गरिएको छ ।

आज्ञाले,
रविशर्मा अर्याल
उप-सचिव (कानुन)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२०